स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



उच्च अदालत पाटनले सिन्धुपाल्चोकको माझी बस्तीको जग्गा लिलामी प्रक्रिया रोक्न अन्तरिम आदेश दिएको छ । न्यायाधीश रमेशराज पोखरेलको एकल इजलासले मंगलबार लक्ष्मी सनराइज बैंक र रञ्जना खड्का अर्थात् अभिनेत्री श्वेता खड्काको कम्पनी श्वेताश्री फाउण्डेसनलाई १५ दिनभित्र अदालतमा उपस्थित भएर लिखित जवाफ पेश गर्न आदेशसमेत दिएको छ ।

**आजको विचार...**



जगन्नाथ पन्त

प्रकृति...
(दुई पेजमा)

‘सालको पात टपरी’ बोलको रिमिक्स गीतबाट गायन यात्रा सुरु गरेकी आस्था राउत नेपाली सांगीतिक क्षेत्रमा स्थापित नाम हो । उनले ‘चौबन्दीमा पटुकी’ बोलको गीतबाट आफूलाई स्थापित गरेकी थिइन् । ‘झुक्ने बुलाकी’, ‘मलाई नेपाली माया चाहिन्छ’ लगायत थुप्रै हिट गीत दिएकी आस्थाले फिल्ममा समेत थुप्रै गीत गाएकी छन् । उनले भर्खर मात्र नयाँ गीत ‘लै बरी लै’ ल्याएकी छन् । दसैँको छेको पारेर सार्वजनिक गीतमा उनी आफैले मोडलिङ गर्दै मज्जाले कम्मर मर्काएकी छिन् । यो उनको मोडलिङमा डेब्यु हो ।



❑ वर्ष २९ ❑ अंक १०० ❑ २०८० कार्तिक १६ गते बिहीबार 2 November 2023, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रिक्त स्थानको निर्वाचनका लागि तयारी

**पाल्पा,** कार्तिक १५/निर्वाचन आयोगले रिक्त स्थानको निर्वाचन गर्ने तयारी गरेको छ । आयोगले राष्ट्रिय सभा, प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको रिक्त पदको निर्वाचन/उपनिर्वाचन गर्ने गरी तयारीलाई अगाडि बढाएको हो ।

उसले अगामी फागुन २१ गते रिक्त हुन आउने १९ जना राष्ट्रिय सभा सदस्य पदका लागि माघको दोस्रो हप्ता सम्ममा निर्वाचन गर्ने तयारी गरेको छ । बुधबार प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सो कुरा जानकारी दिएका हुन् । उनले फागुन २१ गते २० जना राष्ट्रिय सभा सदस्यको पद रिक्त हुने र त्यसमध्ये १९ जनाको ठाउँमा निर्वाचन गर्नुपर्ने बताए । आयोगले माघको १०, ११ अथवा १२ गते भित्रमा निर्वाचन गर्ने गरी तयारी गरिरहेको बताए । आयोगले प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको रिक्त पदको उपनिर्वाचन वैशाखमा गर्न नेपाल सरकारलाई परामर्श दिएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले संसदीय समितिलाई राष्ट्रियसभाको निर्वाचन माघको दोस्रो साता र प्रतिनिधिसभा र प्रदेशसभाको एक-एक तथा स्थानीय तहको रिक्त २४ पदको निर्वाचन वैशाखमा गर्न अनौपचारिक परामर्श दिइएको जानकारी दिए ।

फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो । एक-अर्काको धर्म-संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कहाँ हराए गाउँघरका कुटनी पिसनी ?

# इतिहास बन्दै ढिकी-जाँतो

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक १५/गाउँघरमा कुटनी पिसनीका लागि कुनै बेला अनिवार्य बनेका ढिकी र जाँतो अहिले भने लोप हुँदै गएका छन् । पेट्रोल, डिजेल र विद्युत्बाट चल्ने आधुनिक मिलहरु भित्रन थालेपछि ढिकी, जाँतो गाउँघरबाट लोपोन्मुख भएका हुन् ।

पाल्पा र गुल्मीका गाउँघरमा विद्युत् र डिजेलबाट चल्ने मिल चल्न थालेपछि परम्परागत ढिकी-जाँतो र पानी घट्टको प्रयोग घटेको हो । अहिले गाउँ-गाउँमा धमाधम आधुनिक विद्युतीय र डिजेलबाट चल्ने मिल सञ्चालन भइरहेका छन् । जसले गर्दा परम्परागत साधन विस्थापित हुँदै गएका हुन् । गाउँघरमा बिहान सबेरै उठेर महिलाहरुको काम ढिकी र जाँतोमा धान कुट्ने, गहुँ फल्ने, गहुँ, कोदो, मकै, फापर र दाल पिस्ने हुन्थ्यो । गाउँमा सबैका घर ढिकी वा जाँतो हुन्थ्यो । भालेको डाकोसँगै उठेर कुटानी-पिसानी गर्नुपर्ने बाध्यता सबैलाई थियो, तर कुटानी-पिसानीका आधुनिक मिलहरुले आजभोलि सबैलाई सजिलो बनाएको छ । केही वर्षअघि पाल्पाको



फाइल फोटो

माथागढी-४ झडेवाकी मनिषा पराजुलीले ढिकीमा धानदेखि गहुँ, बेसार कुट्नेदेखि जाँतोमा चामल, मकै लगायतको पिठो पिस्ने काम गर्थिन् । तर, पछिल्लो समय गाउँमा ढिकी तथा जाँतोको विकल्पमा विद्युतबाट चल्ने मिलहरु खुलेपछि भने ढिकी तथा जाँतो प्रयोग गर्नै छोडेको उनको भनाई छ । ‘बिहान उज्यालो नहुँदै ढिकी, जाँतोको काम गर्थौ, साँझको खाना खाएर पनि राति अबेरसम्म कुट्न, पिस्न पर्थ्यो’, गुल्मी इस्मा गाउँपालिका-२ की कमला मल्लले भनिन्, ‘अहिले जताततै विजुलीबाट चल्ने मिल आएपछि भने सुविस्ता भएको छ ।’ आफ्नो घरसँगै गाउँका प्रत्येक जसो घरहरुमा देखिने ढिकी तथा जाँतो पछिल्लो समय लोप हुँदै गएको उनले बताइन् । तानसेन छ्र्लुङ्की मीना भट्टराईले कुटानी-पिसानीका आधुनिक उपकरणको प्रयोगले आफूहरुलाई समयको बचत गराएको बताइन् । आधुनिक मेसिनले समयको बचत भए पनि अन्नको स्वाद भने नरहेको उनको भनाई छ ।

‘परम्परागत साधनबाट पिसेको अन्नबाट पकाएका परिकार स्वादिला हुन्थ्यो,’ भट्टराईले भनिन्, ‘अहिलेका मेसिनले पिस्न, कुट्न सजिलो बनाएको छ तर जुन मिठोपन थियो त्यो हराएको छ ।’ गाउँ-गाउँमा विद्युत पुगेसँगै जिल्लाका अधिकांस ठाउँमा विद्युतबाट चल्ने मिल राखेर कुटनी पिसनी हुन थालेपछि गाउँमा परम्परागत रुपमा चल्दै आएका ढिकी तथा जाँतो इतिहास बन्न पुगेका छन् । अहिलेसम्मको पुस्ताले जसोतसो ढिकी जाँतो देखे पनि अब नयाँ पुस्ताका लागि भने यी साधन इतिहास बन्ने गुल्मी मुसिकोटका इतिहासका जानकार चामबहादुर थापाले बताए ।

# पढाउन छाडेर कृषिकर्ममा हुमनाथ, वार्षिक १२ लाख आम्दानी

**गल्याङ (स्याङ्जा),** कार्तिक १५/स्याङ्जाको वालिङ नगरपालिका-५ पित्लेकका हुमनाथ लामिछानेले जिल्लामा सफल किसानको पहिचान बनाउ सफल भएका छन् । उनीद्वारा सञ्चालित पित्लेक कालिका कृषि फार्म पछिल्लो समय अध्ययन, अवलोकन र अनुसन्धानको उत्कृष्ट थलो बनेको छ ।

दुई दशकअघि गाउँकै वयोवृद्धा यज्ञप्रसाद लामिछानेको प्रेरणा पाएपछि शिक्षण पेसा बीचमै छाडेर हुमनाथ व्यवसायिक तरकारी खेतीमा लागेका थिए । उनले गोलभैँडा, काउली, बन्दा, काँक्रो, सिमी, बोडी, अकबरे खुर्सानी लगायतका तरकारी फलाउँदै आएका छन् । उनको फार्ममा पाँच सय ५० बोट सुन्तला, तीन सय बोट कफी, १८ घार माहुरी र गड्यौला समेत छन् । उनले फार्मबाट वार्षिक १२ लाखको कृषि उपज बिक्री हुने



गरेको जनाउँदै खर्च कटाउँदा आठ लाख बचत गर्ने गरेको दाबी गरे । उनले गड्यौलाबाट उत्पादित मल भने आफ्नै तरकारी बारीमा प्रयोग गर्दै आएका छन् । किसान हुमनाथले स्थानीय बजार र पोखरामा यहाँ उत्पादित कृषि उपज बिक्री गर्दै आएका छन् । उनले आफ्नो छोरा सन्तोषलाई पनि कृषि पेसामै स्थापित गराउने उद्देश्यले हरेक काममा सरिक बनाउँदै आएका छन् । ‘विसं २०६२ मा आइपीएम तालिम लिएपछि व्यवसायलाई अझ व्यवस्थित बनाउँदै अगाडि बढेँ’, उनले भने, ‘हालसम्म सात जति तालिम तथा प्रशिक्षण लिएको छु, एक-दुई हप्ते तालिमले भन्दा पनि मेरो कृषि कर्मप्रतिको लगाव, निरन्तर, प्रयोग र अभ्यासले मलाई पूर्ण बनाए जस्तो लाग्छ ।’ पित्लेकमा २६ र खहरेमा १० गरेर उनले कुल ३६ रोपनी क्षेत्रफलमा कृषि व्यवसाय गरेका छन् । उनको सात स्थायी टनेल छन् । फार्मभित्र जंगली जनावर नपसुन् भनेर फलामे तारबारसहित कम्पाउण्ड घेरिएको छ । पानी संकलन गर्ने पोखरी पनि छ ।

वालिङ नगरपालिका-१ खहरेमा समेत दुईवटा टनेल छन् । उनीसँग हाते ट्र्याक्टर, पावर स्प्रे, स्प्रेलगायतका आधुनिक उपकरण छन् ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## आयात हैन निर्यात बढाऔं

नेपालमा अहिले निर्यात भन्दा पनि आयात बढ्दो छ । यो सकरात्मक पक्ष भने पक्कै हैन । साउनदेखि असोज मसान्तसम्मको तथ्याङ्क हेर्दा आयात अध्याधिक बढेको छ भने निर्यात घटेको छ । चालु आर्थिक वर्षाको तेस्रो महिनासम्ममा मुलुकले चार खर्ब सात अर्ब ७५ करोड ८९ लाख बराबरको माल वस्तुको आयात गरेको छ । गत आर्थिक वर्षाको सोही अवधिमा चार खर्ब ९९ करोड बराबरको वस्तु आयात भएको थियो । गत आवको तेस्रो महिनाको तुलनामा चालु आवको तेस्रो महिनासम्म कूल आयात एक दशमलव ६९ प्रतिशतले बढेको हो । तीन महिनाको अवधिमा नेपालको निर्यात भने दुई दशमलव २६ प्रतिशतले ओरालो लागेको छ । सो अवधिमा नेपालबाट ४० अर्ब ८७ करोड ४८ लाख बराबरको माल वस्तु निर्यात भएको छ । गत वर्षाको तीन महिनाको अवधिमा ४१ अर्ब ८२ करोड बराबरको निर्यात भएको थियो । आयात १.६९ प्रतिशतले बढे पनि निर्यात भने २.२६ प्रतिशतले घटेको हो ।

आयात बढ्नु कुनै पनि मुलुकका लागि राम्रो होइन । कस्ता वस्तु ल्याएका कारण आयात बढेको हो, त्यसलाई नहेरी आयात बढ्दैमा गर्व गर्नुको कुनै अर्थ रहँदैन । त्यसमा पनि उपभोग्य र विलासिताका वस्तुको आयात बढेको छ । यो झनै नराम्रो पक्ष हो । उपभोग्य र नचाहिँदा वस्तु आयात गर्दा सरकारको राजस्व त बढ्ला, केही व्यापारीहरूको कारोबारमा वृद्धि पनि होला, तर समग्र अर्थतन्त्रका लागि यो राम्रो भने पक्कै हैन । आयात बढे पनि निर्माणजन्य वस्तु अथवा औद्योगिक कच्चा पदार्थ, मेसनरी, पार्टपुर्जाजस्ता वस्तुको आयात बढेको भए मात्र मुलुकका लागि फाइदाजनक हुने थियो । जुन वस्तुले आन्तरिक उत्पादन बढाउन सहयोग पुऱ्याउँछ त्यस्ता वस्तुको आयात बढ्नुपर्छ । तर, अहिले चाडपर्व लक्षित उपभोग्य वस्तु र विलासिताका सामानहरूको आयात बढेको छ । यसले मुलुकको आन्तरिक उत्पादन बढाउन मद्दत पुऱ्याउँदैन । स्वदेशमा उत्पादित वस्तुहरुलाई निर्यात गर्न सके मात्र देशको आन्तरिक आम्दानीमा वृद्धि हुन सक्छ । तसर्थ उत्पादित वस्तुको निर्यात बढाउने कुरामा सरकार र सम्बन्धित निकायको ध्यान जान जरुरी छ ।

## Opinion @ Social Network

गल्ती गर्नेलाई मौका दिनुहोस् तर धोका दिनेलाई माफी पनि नदिनुहोस् किनकि गल्ती अन्जानमा हुन्छ तर धोका योजनावद्ध हुन्छ ।

*(रोहित श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com/**rohit.shrestha**)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रकृति, संस्कृति र जीवन



**जगन्नाथ पन्त**

संस्कार र संस्कृति जीवनका आधार हुन् । ब्रम्हाण्ड प्रकृति हो । यो मानव निर्मित होइन । पहिले देखिनै बनि बनाउ छ । प्रकृति भित्र जल, तेज, वायू, आकाश, जमिन अवस्थित छन् । प्रकृतिमै अन्तरिक्ष निहित छ । प्रकृति ईश्वरको रचना हो । ऋतु, दिन, रात, पृथ्वी, सूर्य, चन्द्र, तारा, ग्रह, नक्षत्र सबै ठिक-ठिक लयमा अनुशासित रुपमा चल्दछन् । यीनै को गतिमा समय मापन छ । अर्थात् तिथी, मिति सहितको पञ्चाङ्ग गणना हुन्छ जुन सदियौदेखि अचुक छ । जसले प्रकृतिलाई अध्ययन गर्दछ, आविष्कार गर्दछ उ वैज्ञानिक वा ज्योतिषी वन्दछ । जसले प्रकृतिमा ईश्वर देख्दछ उसले शास्त्रमा उतार गर्दछ र महिर्षि, सन्त बन्दछ । प्रकृतिको रचना गर्ने सर्व शक्तिमान सत्ता ईश्वर हो । यहि नै सनातन हो । कालान्तरमा सनातनलाई देश, काल अनुसार खण्डिकृत अर्थ गर्नाले धर्म, सम्प्रदाय जन्मिए । सनातन रचना कुनै एक देश वा एक धर्मको मात्र होइन । वेद, उपनिषध, स्मृति पुराण सिर्जना हुँदै आए । यी र कुरान, बाइवल सबै पवित्र धार्मिक ग्रन्थहरुमा पात्र र उदाहरण फरक-फरक रुपमा प्राकट्य भएका छन् तर सारमा सर्वशक्तिमान सत्तालाई नै मानव सामु ईश्वर, अल्लाह, यशुखृष्ट नामले पुकार गरिएका हुन् । हिन्दू, इस्लाम, इसाई नामकरण गरी त्यसलाई फरक-फरक धर्मको रुपमा धारण गरियो । फरक-फरक धर्मको रुपमा अवलम्बन गरिदै जादा धर्म पालना गर्ने मूल्य मान्यता फरक हुँदै आए । धर्म पालनाका विधि र तौरतरिका फरक-फरक स्थापित हुँदै आए । समयकाल अनुसार भूमिकाका आधारमा अवतार, एन्जलस, सन्देष्टा मान्दै जादा कथा बन्दै जादा सम्प्रदाय पनि सिर्जित र थपिदै गए ।

देश र स्थान विशेष अनुसार रहन सहन फरक भए जस्तै, एउटै भाषा भित्र लवज, उच्चारण फरक भए जस्तै, समुदाय र जाति अनुसार एउटै देश र स्थानमा भाषा फरक भए जस्तै, भेषभुसा र संस्कार, भूगोल अनुसार लवाई, खवाई फरक भए जस्तै धर्म सम्प्रदाय फरक भए । यिनै विविधतामा अनुसरण गरिएका जीवनशैली अनुसार संस्कार पनि फरक-फरक अवलम्बन हुँदा र अभ्यास गर्दै जाँदा मानिस नै फरक हुन गए । फुजी, गोल्डेन, चक्लेटी आदि स्याउफलको आकार र रंग फरक भएपनि स्वाद र गुण एउटै छ । धान दानाका आकार र स्वाद फरक भए पनि भातको काम र गुण एउटै हो । फरक यत्ति हो कि उष्णता, सितलता, हावा, पानी आदि भूगोल अनुसार स्याउ र धान र यस्तै अरु उपजको आकार, प्रकार, स्वाद फरक हुन तर वस्तु त एउटै हो । स्याउ स्याउनै हो धान धान नै हो । नर्सरीबाट भाण्टाको तीनवटा विरुवा किनेर करेसाबारीमा रोपेको दुईवटामा लाम्चो र एउटामा ठल्ले आकारमा फल्यो । दुईवटामा वैजनी रङ्ग र एउटामा सेतो रङ्गको फल फल्यो । तरकारी पकाउदा स्वाद र गुण एउटै रह्यो । महिला र पुरुष दुई जात हुन् । हिन्दू, मुस्लिम, इसाईमा पनि हुने महिला र पुरुष हो । तेस्रो लिङ्गी वा ननजेण्डर पनि सबैमा उहि हो । कोही गोरा होलान्, कोही काला होलान्, कोही चुच्चे । कोही थेप्चे होलान्, कोही अग्ला कोही पुड्का होलान् । कोही पातला, कोही बाक्ला होलान् । फरक वर्ण, रंगका आधारमा, कामको सिप र बाँडफाँडका आधारमा धर्म वा जातको विभाजन जीनको पहिचान संमका लागि ठिकै होला तर मानिस मानिस नै फरक हो भनेर भेदभाव, युद्ध, पक्ष, विपक्ष गर्नु मानवियता होइन । हिन्दू एउटै धर्म भित्र पनि शैब, बैष्णव, कृष्णप्रणामी हुँदाहुँदा गुरुहरुले आ-आफ्नो महत्वका लागि एउटै सम्प्रदाय भित्र पनि धर्म नै फरक हो भन्ने जस्तो गरि फरक-फरक मार्ग, फरक-फरक ढंगले प्रचार गरी एउटै धर्म सम्प्रदायलाई पनि टुक्रा टुक्रा पारेर मानिसलाई यति विभक्त गेरका छन् कि धर्मको परिपालनामा आफुलाई उत्सर्ग गरेका छन् वा कलहको सिर्जनाकार बनेका छन् विभाजन देख्दा माथिङ्गल नै खलबलिन्छ । बैष्णव भित्रै, कसैले बिष्णु भगवान हुन र अरु बिष्णुका अवतार हुन् भन्छन् कृष्ण प्रणामीले कृष्ण नै भगवान हुन्, हरि, नारायण गोविन्द, बिष्णु, सहस्रनाम सबै कृष्णकै पर्यायवाची हुन् भन्दछन् । कृष्ण भगवानकै शक्ति पाएर ब्रह्मा, विष्णु, महेश्वर त्रिदेव चल्छन भन्छन् । राधा कृष्णकी शक्ति हुन र राधा र कृष्ण एउटै रुप हुन् भन्दै राधे राधे भन्दछन् । सत्यसाई, ओमशन्ति, सतसाहेव, राम राम अनेकादीले यहि मात्र ठिक अरु वेठिक भन्दै अभिवादन समेतमा यिनै नाम उच्चारण गर्दछन् । शैवले शिव नै ठूला भगवान् भन्छन् । पुरुष भगवान र देवताका महिला जोडी भगवान वा देवी छन् । सति, पार्वती, लक्ष्मी आदि । कोहि पुत्री पुत्र वा एकरुपबाट अनेक रुप धारणका छन् । गणेश, कुमार, सरस्वती, दुर्गा, नवदुर्गा । कोहि भक्तदेव छन् हनुमान, प्रल्हाद । तेतिस प्रकारका देवि देवताका अनेक नाम र रुप छन्, तेत्तीस कोटी । बुद्ध, जैन, किरात, शिख धर्म पनि हिन्दूसंग मिल्दाजुल्दा छन् । एउटा बवुरो कर्मकाण्डी हिन्दूले कसकसलाई मान्नु, पुकार्नु, पुजा गर्नु, विधि पुऱ्याउनु । कुन कुन तिर्थ, ब्रत गर्नु भन्ने लाग्न सक्दछ ।

नित्य पुजा गर्दा सबैलाई स्मरण गर्न सकिन्छ । जस्तै पाञ्चायन पुजा । नैमित्य पुजा गर्दा जुन काम अनुसार गरिन्छ, सोहि अनुसार आह्वान गरिपुजा, यज्ञादी गरिन्छ । जस्तै गर्भाधान, नामाकरण, कर्णभेद, शिक्षारम्भ, वर्तवन्ध, विबाह, मृत्यु संस्कार आदि १६ संस्कार । त्यसै गरी कुनै विशेष कामना राखेर गरिने पुजालाई काम्य पुजा भनिन्छ । जस्तै कि हरिवंश पुजा । सन्तान प्रप्तिका लागि गरिने पुजा वा यज्ञ,जुन प्रकृतिमा निहित रहेको र सो अनुसारको फल प्राप्तिका लागि काम्य पुजा गरिन्छ । आयुर्वेदमा पञ्चकर्म भनेर वमन, विरेचन, वस्ति-अनुवासन, वस्ति-आस्थापन र नस्यलाई भनिन्छ । पूर्व कर्ममा स्नेहन र स्वेदन २ विधि छन् । स्नेहन पनि आभ्यान्तर र बाह्य: छन् । यो शरिर मालिस विधिसँग सम्बन्धित छ । स्वेदन अर्थात् शरीरबाट पसिना निकालेर विकार निकाल्ने प्रक्रिया यसमा पनि अङ्ग विशेषको स्वेदन र सर्बाङ्ग स्वेदन २ विधि छन् । कर्मलाई नित्य, नैमित्य, काम्य, निश्काम्य, संचित र निषिध्द गरी ६ वर्गिकरण पनि गरिएको छ । धार्मिक हिसावले कर्मयोग, ज्ञानयोग र भत्तियोग गरी वेदले ३ पथ वर्णन गरेको छ । गीतामा कर्मयोग, भत्तियोग, राजयोग र ज्ञानयोग वताइएको छ । कर्मकाण्यादि पुजा, जप, तप कर्मको फल जन्मजात मिल्ने र क्षणिक सुख र झण्झटै झण्झटको जन्म मरणको जंजाल चाहनु भन्दा मनुष्यले भक्ति सहितको कर्मगरे मात्र कर्मयोग हुन्छ भनेर गीतामा यसलाई तन जगमा मन हरिमा समर्पण गरिने कार्य कर्मयोग हुने नत्र कर्मकाण्डी हुने भनिएको छ । निष्काम भावले जसले कर्मयोगलाई भक्तियोगसंग मिलाएर कर्म गर्दछ, त्यो गृहस्त भएपनि सच्चा योगी हुन्छ । वास्तविक भगवान भक्त सन्तको वाह्य रुप अरु जस्तै इन्द्रिय चालित देखिए पनि उ मनले हरदम भगवानमा समर्पित हुन्छ । तर अरु व्यक्ति मन संसारिक क्षणिक विषय वस्तुमा र इन्द्रियले पुजा गर्दछ । ईश्वरलाई मनको समर्पण ग्राह छ । यं ब्रम्हा वरुणेन्द्र भन्ने श्लोक धेरैलाई कण्ठ छ तर अर्थमा ध्यान कमैले दिन्छन् । स्वयं ब्रम्हा, रुद्र, वरुण, ईन्द्रादि देवता जसलाई स्तुति गर्छन्, वेद, सांख्यका ऋचाहरुले जसको सधैं गुणगान गर्छन्, ध्यानमा मग्न भएका योगिहरुलको मनले जसलाई देख्न सक्छन्, जसलाई देवता वा असुरहरु पनि देख्न सक्दैनन् । अर्थात् तिर्थ ब्रतको शारीरिक मार्चपास, हातले फूल, टिका, प्रसाद चढाउँदैमा, मन्त्र जप्दैमा, आँखाले मन्दिरका मूर्ति हेर्दैमा भगवान देखिदैनन् । त्यसैले भौतिकवादिले भगवान कसले देखेको छ ? भन्दछौ । भिष्म, कृपाचार्य र विदुर वाहेकले विराटरुप प्रककट हुँदा त देख्न सकेनन् भने सकाम इच्छाले गरिने पुजा पाठले मात्र भगवान के पाइएला र ? प्राप्त धन, पद, संपत्तिको लालच नगरी, आफ्ना नाता, निकटका लागि दुरुपयोग नगरि सर्वहीतमा उपयोग गर्ने नै सच्चा कर्मयोगि हुन सक्दछ । कर्मकाण्ड पुरा गरे भनि धर्म मान्नेको प्रभुत्वले गर्दा उच निच जाति पाति भेदभाव गरिएको हो । प्रकृति वा ईश्वरले सबै मानवलाई जीवन समान रुपमा दिएका छन् । दुष्कर्म जसले गर्छ ईश्वरको नजरमा त्यो पापी हो चाहे उच्च पदवाला वा जाति वा धनवान होस् ।

सबै धर्ममा सम्प्रदाय बनाइएका छन् । इस्लाम भित्र पनि सिया र सुन्नि । कोहि कट्टर कोहि लिवरल । इशाईमा पनि क्याथोलिक र प्रोटेस्टेन्ट । ताओ, सान्तो आदि चाइनिज क्षेत्रका धर्मका विषयमा त छेउ टुप्पो थाहा छैन् हामीलाई । जुन धर्म सम्प्रदाय, जात वा देशका भए पनि प्रकृतिका नजरमा सबै समान छन् । राज्यहरु र सभ्यताको विकास संगै संस्कृति र संस्कार भिन्न हुन गएका हुन् । प्रकृतिले मानिसमा भेदभाव गरेको भए त अन्तर देशीय, अन्तर जाततिय, अन्तर धार्मिक सम्प्रदाय बीचका महिला, पुरुषका विबाहवाट बच्चा नजन्मनु पर्ने नि । नश्ल फरक पर्ला तर जीव त फरक पर्दैन नि । प्राईमिनष्टर, प्रधानमन्त्री, बजिरेआलम जे भने नि सरकार प्रमुख भनेर बुझे जस्तै ईश्वर, अल्लाह, जिसस तेरे नाम भनेर पारस्परिक सम्मान, सह अस्तित्व स्वीकार्नु प्रकृति प्रेमी हो । प्रकृति लोक हो । युनिभर्स हो । प्रकृतिलाई जैविक वातवरणमा मात्र संकुचित गर्नु उचित छैन । लोकमा कैयौ सौर्य मण्डल होलान्, त्यस भित्र अनगिन्ती चराचर प्राणी, वनस्पति होलान्, ति सबैको अस्तित्व स्वीकार गर्नु नै प्रकृतिको हिमायति हो र ईश्वर, अल्लाह, जिससको सच्चा पुजा प्रार्थना हो । आस्था, संस्कृति र संस्कार फरक भए पनि मानव बीचमा हुने भेदभाव परमेश्वरलाई किमार्थ सह्य नहोला ।

नेपाल सनातन धर्म मान्ने हिन्दू समुदाय अत्यधिक बाहुल्य मुलुक हो । यहाँ अल्पसंख्यक मुस्लिम र बाहुल्य हिन्दूको संस्कृति पारसपरिक छ । ईद, मोहृवरम, ताजिया, दशैं, तिहारमा एकले अर्काको पर्व मनाएर सांस्कृतिक सहिष्णुताको प्रबर्द्धन गर्दै आएका छन । छट पर्वसंगै मनाउदछन् । यि दुबैलाई द्वन्द्व गराउन तेस्रो धारको दुष्शाहसबाट सचेत हुन जरुरी भइसकेको छ । संस्कृति धर्म भन्दा माथि छ । यो समुदायको बनोट र अवस्थिति अनुसार हुन्छ । तर संस्कार भने धर्म, सम्प्रदाय अनुसार फरक हुन्छ । गोरखा दरवारको पुजारी मगर छन् । बाहुनले मन्दिरको पेटीमा बसेर चण्डी पाठ गर्छन् । मगरले बाहुनलाई मन्दिरको टिका लगाइ दिन्छन् । अलि माथि रहेको भैरव मन्दिरमा मगरले सुगुरको वली दिन्छन् र बाहुनले मन्त्र पढ्दछन् । त्रेत्रा युगमा बनबासी भएका रामकि भार्या रावणले हरण गरे । रावणसंग युद्ध गर्नु पूर्व रामले विजय यज्ञ गर्न शिव भक्त भएको तर बैष्णव पुरोहित खोज्न जाम्वतलाइ आग्रह गरेछन् । राम पनि शिवका भक्त र बैष्णव थिए । शिव रामका भक्त थिए । कुलले पुलस्त ऋषिको सन्तान बैष्णव र शिव भक्त रावणलाई जाम्वतले रामको विजय यज्ञको पुरोहित वनिदिन आग्रह गरेर ल्याउने वचन दिए । जाम्ववत पुलस्तका साथि थिए । जाम्ववतको आग्रह रावणले सहजै स्वीकार गरे ।

वनमा पुजा सामाग्री नहोला पुजाका सबै सामाग्री पुरोहितले नै बन्दोवस्त गर्नु पर्ने भनि रावणले जुराएको पुजाको साइत सुनेर जाम्वत रामकहा फिर्ता भए । पत्नी पनि यज्ञमा संगै हुनु पर्ने नियम अनुसार रावणले रामको लंका विजय यज्ञमा तिमी पनि सहभागी हुनुपर्छ तर पुजा सकिए पछि जुन विमानमा लगिन्छ त्यसैमा फर्केर यहि बृक्षमा आउन पर्छ, तिमीलाई ईन्द्रजीतले लैजाने र ल्याउने प्रवन्ध गर्नेछ भनि सुनाई पुजा गराउन गएछन् । पुजा सकिए पछि पुरोहित रावणले राम र लक्ष्मणलाई विजयको आशिर्वाद दिई फर्कन लाग्दा रामले गुरु दक्षिणा के लिनुहुन्छ भनेर सोधेछन् । रावण भन्छन् हे राम त्रिलोक विजयी, स्वर्ग समेत कब्जा गर्ने सामर्थ, कुवेरलाई अधिनमा राखेको, शनिलाई पैताला मुनि र नवग्रहलाई खुट्टामा राखेको जसको तिमी राम जस्ता दश जनाको वुद्दि र एकै पटक दश विषय बुझ्न सक्दछ यस्तो दशानन लंकेशलाई के को दक्षिणा चाहियो । तर पनि तिमी जजमानको यज्ञ पुरा गर्न दक्षिणा लिनै पर्यो । मेरो प्राणको अन्तिम समयमा तिमीहरु सामुन्नेमा हुनु, त्यही दक्षिणा भयो भनि लंका फर्केछन् । युद्धमा रावण मारिए, राम विजयी भए । परम सुन्दरी पञ्च कण्याको रुपमा पुजित रावण पत्नी मन्दोधरी विलापबाट उठेर रावण वध गर्ने शक्तिशालीलाई एक पटक हेर्ने इच्छाले रामको नजिक गइछन् । युद्धमा मारिएका जीव सम्झेर राम चिन्तित बनेर बसेको ठाउँमा अचानक एक स्त्रीको छाया देख्ने बित्तिकै उठेर प्रणाम गरेछन् । पिरमा होलिन् भनेर रामले रावण वध गर्नु परेको कारण सुनाउन खोज्दा मन्दोधरीले भनिछन्, हे राम तिमी किन विजयी भयौ, मैले बुझिसके । तिमी एउटी स्त्रीको परछाँया महशुस गर्ने वित्तिकै मर्यादित भयौ, मेरा पति रावणले म जस्ती सुन्दर पत्नी हुँदा हुँदै सीता माताको हरण गरे, तिमीले मनुष्यताको शासन गर्यौ, रावणले मनुष्य र देव माथि शासन गरे । त्यसैले तिमी विजयी भयौ । तिमी मर्यादापुरुषोत्तम रहेछौ । विराट रुपदर्शन सहन गर्न नसकेर ढलेका कौरब कृष्णको शान्ति सन्देश नमानेर निमिट्याण्य भए, रावण रामको विजयी यज्ञको पुरोहित बने । हामी भने यि र यस्तै उपदेशात्मक उदाहरणलाई कथा सम्झेर रमाउछौं । सत्ता, पद, धन र नाता पक्ष पोषणमै र गुम्दा शोकमा रन्थनिन्छौं । रामायण, महाभारतमा प्रकृतिले वा ईश्वरले दिएका दृष्टान्तको सहि अर्थ बुझ्न सक्यौ भने पो सुसंस्कृत्य र सुसंस्कारी भइएला, जीवनको सार्थकता होला ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : इच्छा र आकांक्षा पूर्ण हुनेछन् । धनार्जनका स्रोत पत्ता लाग्न सक्छ । | **तुला** : पारिवारिक सद्भाव बढ्नेछ । सहयोगी हातहरू अघि बढ्नेछन् । |
| **वृष** : दैनिक कार्यहरूमा प्रगति हुनेछ । रमणीय र सुखद् यात्राको योग छ । | **वृश्चिक** : दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला । |
| **मिथुन** : दाम्पत्य जीवन सुखमय हुनेछ। बोलीले अरुको मन जित्न सकिनेछ । | **धनु** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । स्वादिष्ट भोजन पाईनेछ । |
| **कर्कट** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । | **मकर** : आकस्मिक धनलाभ हुनेछ । कामले अरूको मन लोभ्याउन सकिनेछ । |
| **सिंह** : आत्मिक सन्तुष्टि मिल्नेछ । तिर्थाटनको योगछ । | **कुम्भ** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ । अकस्मात धन सम्पत्ति हात पर्नेछ । |
| **कन्या** : मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । पारिवारिक सहयोग मिल्नेछ । | **मीन** : जिद्दीपनाले काम बिग्रने डर छ । बोलीको विपरीत अर्थ लाग्न सक्नेछ । |




बाल कथा

# चिन्टु र मिन्टु



तिहार पर्वमा कुकुरको पूजा गर्ने गरिएको त भाइबहिनीहरूलाई पनि थाहै हुनुपर्छ । तिमीहरू आफैंले पनि गर्ने गरेका होला तर उनीहरूको पूजा किन गरिएको हो भन्ने कुरा भने धेरैलाई थाहा नहुन सक्छ । यदि त्यसो हो भने आऊ तलको कथा पढौं । त्यसपछि स्वत: यसबारे प्रष्ट हुनेछौ । धेरै पहिलेको कुरा हो । एउटा गाउँमा चिन्टु नाम गरेको सानो बालक थियो । उसको घरमा मिन्टु नाम गरेको कुकुर थियो । चिन्टु र मिन्टुको बीचमा राम्रो दोस्ती थियो । सँगै खेल्थे, सँगै बस्थे, सँगै खान्थे । चिन्टुको घरमा मीठो माया पाएर मिन्टु जति मख्ख थियो । मिन्टुको साथ पाएर चिन्टु पनि उत्तिकै खुसी थियो । खाँदा पनि सँगै हुन्थे सुत्दा पनि सँगै हुन्थे । यस बाहेक मिन्टुलो चिन्टुको काममा सहयोग पुऱ्याउने गरेको पनि थियो ।

चिन्टुले खेल्दै जाँदा बल केही टाढा पुग्यो भने मिन्टु दौडिएर जान्थ्यो र मुखले बल टिपेर ल्याएर चिन्टुको हातमा दिन्थ्यो । खाना खाने बेला यदाकदा चिन्टुको हातबाट चम्चा भुइँमा खस्ने गर्थ्यो तर मिन्टु भने भुइँमा झर्न नपाउँदै आफ्ना तिखा दाँतले टिपेर चिन्टुलाई दिने गर्थ्यो । चिन्टु स्कुल जाने बेला भएको ऊ पहिले नै थाहा पाउँथ्यो र उसका जुत्ता, मोजा, बोतल तथा स्कुले झोला घिसार्दै ल्याएर हातमा थमाउने गर्थ्यो । उसलाई स्कुल जाँदा पनि ढोकासम्म पुऱ्याउन जान्थ्यो र धेरै बेरसम्म ढोकामा उभिएर हेरिरहन्थ्यो । चिन्टु स्कुलबाट आउने बेला भएको पनि मिन्टु पहिले नै थाहा पाउँथ्यो र स्वागतका लागि केही समय अघि नै ढोकामा गएर पर्खने गर्थ्यो । जब चिन्टु गाडीबाट ओर्लन्थ्यो तब उसलाई डोऱ्याउँदै ल्याएर घरभित्र पुऱ्याउने गर्थ्यो ।

मिन्टुको अर्को विशेषता पनि थियो । त्यो भनेको घरको देखभाल गर्नु हो । घरपरिवारको अनुमति विना कसैलाई पनि भित्र छिर्न दिँदैनथ्यो । छिसिक्क सानो आवाज आउनासाथ भुकेर घरका मानिसर्लाइ खबर दिने गर्थ्यो । जब घरका मानिसले भित्र आउने अनुमति दिन्थे तब मात्र आगन्तुकलाई आउन दिन्थ्यो । कुनै अपरिचित मानिस आए भने घरकाले चुप लाग नभनुन्जेल भुकिरहन्थ्यो । जब घरपरिवारले चुप लाग भन्थे तब मात्र चुपचाप लागी नजिकै बसेर उनीहरूको मुख हेरिरहन्थ्यो । चिन्टु र मिन्टुको दोस्ती देखेर घरमा सबै खुसी थिए । मिन्टु चिन्टुलाई जति माया गर्थ्यो चिन्टु पनि उत्तिकै माया गर्थ्यो । आफ्नै हातले नुहाइदिन्थ्यो, उसको शरीर सुमसुम्याउँथ्यो, खाना खुवाउने गर्थ्यो । मिन्टुले घरका सबै मानिसलाई रिझाएको थियो । कहिले घरको चौकीदारीको काम गर्थ्यो कहिले घरका नोकरले गर्ने काम गरिदिन्थ्यो । चिन्टुको आमा जब घरको छतमा कुनै खाने चीज सुकाउन जान्थिन् तब मिन्टु देखभाल गरेर बस्थ्यो । कुनै पनि काग वा अन्य चराचुरुङ्गीलाई त्यहाँसम्म ढिम्कनै दिँदैनथ्यो । चिन्टु जब बजार जान्थ्यो तब मिन्टु पनि पछिपछि लाग्थ्यो र ज्यानकै बाजी लगाएर गल्लीका भुस्याहा कुकुरहरूका आक्रमणबाट उसलाई बचाउने गर्थ्यो । यत्तिकैमा एक दिन चिन्टु बगैँचामा खेलिरहेको थियो । अचानक एउटा खतर्नाक गोगन साँप देखा पऱ्यो । खेल्नमा व्यस्थ भएकाले चिन्टुले त्यसलाई देखेन तर मिन्टुले भने परैबाट देख्यो र भुकेर चिन्टुलाई सतर्क गराउने प्रयास गऱ्यो । तथापि दुर्भाग्यको कुरा चिन्टुले सुनेन र साँपको जनिकै पुग्यो । जब साँपले टोक्ने निश्चित भएको देख्यो तब मिन्टुले उफ्रेर गई साँपलाई मुखले टोकेर अन्तै हुत्याइदियो तर भइदियो के भने ठीक त्यति नै बेला साँपले उसको मुखमै टोकिदिएकाले उसले चुइकसम्म गर्न नपाई उसको प्राणपखेरु उड्यो । जब मिन्टुले आफू मरेर भए पनि आफूलाई बचाएको थाहा पायो तब चिन्टुलाई ठूलो चिन्ता पऱ्यो । उसले आफ्नै हातले मिन्टुको सदगत गऱ्यो र तीन दिनसम्म उसकै सम्झनामा शोक बारेर बस्यो ।

अब त भाइ बहिनीहरूले पनि थाहा पायौ होला होइन कुकुर कति बढी मानव जातिको हितैषी प्राणी रहेछ भन्ने कुरा ? यो कथा मिन्टुको मात्र होइन सबै कुकुर जातिको हो । हरेक कुकुरले यसैगरी आफ्नो मालिकको हेरविचार गर्ने छ । त्यसैले मानिसले पनि वर्षको एकपटक कुकुर तिहार मनाएर उनीहरूको सम्मान गर्ने गरेका हुन् । यसको अर्थ वर्षको एकपटक उनीहरूको तिहार मनाएर अघिपछि जे गरे पनि हुन्छ भन्ने होइन । अपितु जसरी कुकुरले सँधैभरी मानिसको हेरविचार गर्छ त्यसैगरी मानिसले पनि उनीहरूको हेरविचार गर्नुपर्छ भन्ने हो ।

*-रातोपाटी डटकम*

*चिन्टु स्कुल जाने बेला भएको ऊ पहिले नै थाहा पाउँथ्यो र उसका जुत्ता, मोजा, बोतल तथा स्कुले झोला घिसार्दै ल्याएर हातमा थमाउने गर्थ्यो । उसलाई स्कुल जाँदा पनि ढोकासम्म पुऱ्याउन जान्थ्यो र धेरै बेरसम्म ढोकामा उभिएर हेरिरहन्थ्यो । चिन्टु स्कुलबाट आउने बेला भएको पनि मिन्टु पहिले नै थाहा पाउँथ्यो र स्वागतका लागि केही समय अघि नै ढोकामा गएर पर्खने गर्थ्यो । जब चिन्टु गाडीबाट ओर्लन्थ्यो तब उसलाई डोऱ्याउँदै ल्याएर घरभित्र पुऱ्याउने गर्थ्यो । मिन्टुको अर्को विशेषता पनि थियो । त्यो भनेको घरको देखभाल गर्नु हो । घरपरिवारको अनुमति विना कसैलाई पनि भित्र छिर्न दिँदैनथ्यो । छिसिक्क सानो आवाज आउनासाथ भुकेर घरका मानिसर्लाइ खबर दिने गर्थ्यो । जब घरका मानिसले भित्र आउने अनुमति दिन्थे तब मात्र आगन्तुकलाई आउन दिन्थ्यो ।*

निबन्ध

डा. मतिप्रसाद ढकाल

# देब्रे हातको क्षतिपूर्ति



हाम्रो शरीरका प्रत्येक अंगको उत्तिकै महत्त्व छ । एउटा मात्र अंग नहुँदा वा बिरामी पर्दा शरीर नै अपाङ्ग हुन्छ तर साङ्गको अभिनय नगरी हामीले आफ्नो दैनिकी चलाउन सक्दैनौं । देब्रे हात चलाउनै नहुने गरी बिरामी भइदिँदा त्यसको क्षतिपूर्ति गर्ने क्रमिक शिक्षा र अनुभव लिन पाउनुलाई मैले राम्रै अवसर प्राप्त भएको ठानेको छु । देब्रे हात बिरामी हुँदा सर्वप्रथम मानसिक रूपमा आफू अपाङ्ग भएको अनुभव हुँदो रहेछ । बिरामी हात त केही समयपछि अवश्य ठीक हुनेछ र पुन: देब्रे हातको पूर्णताले साङ्गको अभिनय गर्न लगाउनेछ तर जीवनभर देब्रे हात गुमाएकाहरूले देब्रे हातको रित्तताको कति पीडा भोगिरहेका होलान् भनेर आफूलाई मानसिक रूपमा साङ्ग बनाउन बल मिल्दो रहेछ । मनले साङ्गको आश्वासन दिए पनि शरीरद्वारा गरिने कर्मका लागि भने देब्रे हातको रित्तता भइरहँदो रहेछ र त्यसको क्षतिपूर्तिका लागि मनले नै बाटो खोज्न प्रेरित गर्दो रहेछ ।

देब्रे हातको मुख्य जिम्मा हामीले शौचालय जानका लागि दिएका छौं तर देब्रे हात नहुनेहरूलाई शौचालयमा जान निषेध गर्नसक्ने हाम्रो हैसियत छैन । देब्रे हातको क्षतिपूर्ति खोज्दै जाने क्रममा मलाई आफ्नै बाल्यकालको सम्झना भयो । हाम्रो बाल्यकालमा गाउँमा आजकलजस्तो पानी सुलभ थिएन । त्यतिबेला व्रतबन्ध र विवाह गरेकाले मात्रै शौच जाँदा अनिवार्य रूपमा पानीको प्रयोग गर्नुपर्छ भन्ने नियम गाउँमा प्रचलित थियो । आज जस्तो त्यतिबेला गाउँघरमा शौचालयहरू थिएनन् । व्रतबन्ध र विवाह गरेका अग्रजहरू सिल्टेको लोहोटामा पानी लिएर पाखाबारी वा खोलातिर जानुहुन्थ्यो । त्यसैले हामी बालबच्चाहरू पनि अग्रजहरूको देखासिकी गरेर बाहिरतिरै शौचालय जाने गर्थ्यैं । हाम्रा लागि ससाना ढुङ्गा र पातहरू शौच सुद्ध्याउने साधन बन्थे । देब्रे हात बिरामी हुँदा तिनै साधनको विकसित रूप ट्वालेट पेपर पहिलो साधन बन्दो रहेछ । दोस्रो साधनका रूपमा पानी र तेस्रो साधनका रूपमा साबुनले ठाउँ लिएपछि मात्र शौच गएर शुद्ध भएको अनुभूति गर्न सकिँदो रहेछ । देब्रे हातबिना दाहिने हातमा साबुन त लगाउन सकिँदो रहेछ तर साबुनले राम्रोसँग हात मिच्नका लागि बेसनकै भित्ताले देब्रे हातको क्षतिपूर्ति गर्न मद्दत गर्दो रहेछ ।

देब्रे हातको अनुपस्थितिमा पनि दाहिने हातले दाह्रीजुँगा काँटछाँट गर्न सहजै हुँदो रहेछ । दन्तमञ्जनको मात्रै होइन कुनै औषधी र बोतलको बिर्को खोल्न देब्रे हातलाई पर्खिरहनुपर्दो रहेनछ । दाहिने हातका बूढीऔंलाले र चोरीऔंलाले सहजरूपमै बिर्को खोल्न सकिँदो रहेछ । जस्तोसुकै बिरामी वा जाडो भए पनि धाराका पानीको फोहराले राम्रोसँग शरीर नभिजाएसम्म मलाई कुनै गल्ती गरे जस्तो दिनभर पश्चात्ताप भइरहन्छ । देब्रे हात नजागे पनि दाहिने हातकै भरमा स्नान गर्न त सहजै हुँदो रहेछ तर दाहिने हात मिचेर सफा गर्न देब्रे हातको अनुपस्थिति खट्किँदो रहेछ । स्नान गर्दा र सन्ध्या गर्दा अनिवार्य रूपमा शिखा बाँध्नुपर्ने हो तर देब्रे हातको सहयोग नहुँदा शिखामुक्त भएरै स्नान र सन्ध्या गर्न विवश भइँदो रहेछ । स्नान गरेपछि तुना भएका कच्छा र सुरुवालमा गाँठा पार्न पनि देब्रे हातको रित्तता खट्किँदो रहेछ । त्यतिबेला दाँतले देब्रे हातको क्षतिपूर्ति गर्न सघाउँदा रहेछन् । स्नान गरिसकेपछि दैनिक रूपमा फेरिने कपडाहरू सफा गर्न कहिलेकाहीं सरफ र साबुनको प्रयोग नगरी हुँदैन । सरफमात्र प्रयोग गर्दा त देब्रे हातको उपस्थिति आवश्यक नहुँदो रहेछ तर साबुनको प्रयोग गर्दा देब्रे खुट्टाले देब्रे हातको क्षतिपूर्ति गर्न सक्तो रहेछ । देब्रे हातविना राम्रोसँग कपडाको पानी निखार्न नसकिँदो रहेछ । त्यसका लागि दाहिने खुट्टाले आंशिक भए पनि सघाउँदो रहेछ । दाहिने हातमा केही सामान लिएर कोठाभित्र पस्ता देब्रे हात पनि भइदिए हुन्थ्यो भन्ने लाग्दो रहेछ र त्यसको आंशिक क्षतिपूर्ति देब्रे खुट्टाले गर्न सक्तो रहेछ । देब्रे हात नहुँदा नमस्कार गर्न नमिल्दो रहेछ । गर्न त एउटै हातले पनि आधुनिक अभिवादन (सलाम) गर्ने गरिन्छ तर "एकहस्तप्रणामेन रौरवं नरकं व्रजेत्" भन्ने नीतिवचन उपस्थित भइदिँदा एकहातको अभिवादन गर्न मनले स्वीकृति नदिँदो रहेछ । नित्यकर्मका रूपमा सधैं शालग्राम स्नान गराउँदा अनि धूप एवं दीप अर्पण गर्ने क्रममा घण्टी बजाउँदा पनि देब्रे हातको अभाव खट्किँदो रहेछ । देब्रे हातको स्पर्शबिना दाहिने हातले मात्र कुनै चीज अर्पण गर्नु पनि हाम्रो परम्पराविरुद्ध ठहरिँदो रहेछ । त्यसैले देब्रे हात बिरामी भएपछि मैले गरिरहने नित्यकर्मको पूर्ण जिम्मा पिताजीले वहन गर्नुभएको छ । देब्रे हात स्वस्थ नहुँदासम्म मेरो नित्यकर्मले पूर्णता नपाउने पश्चात्तापले मलाई पिरोलिरहे पनि मसँग यतिबेला त्यसको कुनै विकल्प छैन ।

देब्रे हात बिरामी हुँदा फलफूल, सलाद र सागसब्जी काटकुट गर्न नसकिँदो रहेछ तर एउटै हातले पनि खाना पकाउन र भाँडा माझ्न भने त्यति असहज नहुँदो रहेछ । खाना खाने क्रममा जलावर्तन गर्न तथा आदि र अन्तमा जल आचमन गर्न पनि देब्रे हातबिना नमिल्दो रहेछ । खाना खाएपछि चुठ्ने क्रममा जुठै हातले पानीको धारा खोल्न गाह्रो त हुँदो रहेछ तर दाहिने हत्केलाले बिस्तारै प्रयास गर्दा धारा खोल्न पनि सकिँदो रहेछ । दुवै हातले कम्प्युटर चलाउने बानी परेकाले होला देब्रे हातबिना कम्प्युटर चलाउन र लेखपढको काम गर्न गाह्रो हुँदो रहेछ । पढ्न त सकिँदो रहेछ तर पढेका कुराको कम्प्युटरमै टिपोट गरिहाल्ने बानीले गर्दा देब्रे हातको अभावमा लेखपढको काम थाती राख्न बाध्य हुनुपर्दो रहेछ । देब्रे हातको उपस्थिति नभए पनि मोबाइलमा लेखपढ गर्न भने सहज नै हुँदो रहेछ । यतिबेला देब्रे हात बिरामी गराउने सवारी साधनले विश्राम लिएको छ र खिया नलाग्दै त्यसले गति लेला र दिमागमा खिया नलाग्दै मलाई पनि त्यसले बाह्य संसारमा डुलाउने गति देला भन्ने कामना गरिरहेको छु । त्यसैगरी देब्रे हात पूर्ण स्वस्थ हुनसक्यो भने लामो समयदेखि थला पारिरहेको स्किन सोराइसिसको पीडालाई भुलाउन कम्प्युटरका कीहरूको प्रतीक्षाको घडी पनि अन्त हुनेछ र 'अकरणात् मन्दकरणं श्रेय:' को गतिमा भए पनि लेखपढको क्रमले निरन्तरता पाउनेछ । एकजना बिरामी हुँदा त्यसको चिन्ता परिवारमा पनि थपिन्छ । परिवारमा जोकोही पनि बिरामी पर्न सक्छ । चल्नै नसक्ने किसिमको गम्भीर बिरामी भए त बिरामीको सेवाका लागि परिवारका प्रत्येक सदस्यले बिरामीलाई पालैपालो सहयोग गरिरहनुपर्छ तर हिँडडुल गर्नसक्ने र सानोतिनो काम गर्नसक्ने बिरामीलाई पूरै सहयोग गरेर अपाङ्गजस्तो बनाउनु हुँदैन । बिरामी स्वयंले पनि आफ्नो स्वावलम्बीपनलाई गुमाएर आफूलाई परिवारको बोझ नबनाई सक्दो काम आफूले पनि गरिरहनुपर्छ । सुप्रसिद्ध साहित्यकार झमक घिमिरेका परिवार छन् र उनलाई सहयोग पनि गरिरहेका छन् तर उनले आफ्नै स्वाभिमान र स्वावलम्बीपनलाई बचाइराख्न खुट्टाले लेखनकार्य र भोजन ग्रहण गरिरहेकी छन् । त्यसैले मलाई पनि परिवारका सदस्यहरूले नसघाएका होइनन् तर मैले आफूले सक्दाका आफ्ना सबैजसो कर्म आफैले गरिरहन रुचाएको छु र प्रत्येक परिवारका प्रत्येक सदस्यले आफ्नो स्वावलम्बीपनलाई बचाइराख्न सकुन् भन्ने कामना पनि गरिरहेको छु । वर्तमानमा म बाँचेको समाजमा वामपन्थीले दक्षिणपन्थीप्रति र दक्षिणपन्थीले वामपन्थीप्रति शत्रुवत् व्यवहार गरेर समाजको सङ्लो पानीलाई धमिल्याइरहन मन पराए पनि मलाई भने वामपन्थी र दक्षिणपन्थी भएरै जीवन गुजारिरहन मन छ । किनभने केवल वामपन्थी वा दक्षिणपन्थीमात्र हुँदा शरीरजस्तै जीवन पनि अपाङ्ग हुनसक्छ । जीवनलाई पूर्णता दिने नै हो भने दक्षिणपन्थी र वामपन्थीको समन्वयमार्गी चिन्तन र व्यवहार अपनाउनु आवश्यक छ । त्यसैले यतिबेला दक्षिणपन्थी दिनचर्या बिताइरहे पनि मलाई वामपन्थी दिनचर्याको पनि आकाङ्क्षा रहिरहेको छ ।

*-साहित्यपोष्ट डटकम*

# डिजेल र मट्टितेलको मूल्य घट्यो



**पाल्पा,** कार्तिक १५/नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ । निगमल बुधबार बिहान १२ बजेर १ मिनेटदेखि लागू हुने गरी डिजेल र मट्टितेलको भाउ प्रतिलिटर ४ रुपैयाँले घटाएको हो ।

भारतीय आयल कर्पोरेसन (आईओसी) बाट घटेर नयाँ मूल्य आएपछि डिजेलको मूल्य घटाइएको निगमले जनाएको छ । स्वचालित प्रणाली अनुसार नै मूल्य समायोजन गरिएको छ । अब काठमाडौं उपत्यकामा डिजेल र मट्टितेलको भाउ प्रतिलिटर १ सय ६४ रुपैयाँ पर्नेछ । यसअघि भने काठमाडौं उपत्यका, पोखरा र दिपायलमा डिजेल र मट्टितेलको भाउ प्रतिलिटर १ सय ६८ रुपैयाँ थियो । निगमले पेट्रोल र एलपी ग्यासको मूल्य भने यथावत नै रहेको जनाएको छ । यसअघि निगमले असोज २८ गते पेट्रोलको भाउ लिटरमै ११ रुपैयाँ घटाएको थियो । आईओसीबाट पेट्रोल र खाना पकाउने ग्याँसको मूल्य बढेर आएपनि ठूला चाडपर्वको मुखमा उपभोक्ता मूल्य नबढाउने सरकारको नीतिअनुसार पेट्रोल र खान पकाउने ग्याँसको मूल्य हाललाई यथावत राखिएको निगमले जनाएको छ ।

# बुटवल आम्दा अस्पताललाई स्तरोन्नति गरिने



**लुम्बिनी,** कार्तिक १५/सिद्धार्थ बाल तथा महिला अस्पताल, (आम्दा नेपाल) तीन सय शैयामा स्तरोन्नति हुने भएको छ । अस्पतालको सेवा विस्तारका लागि हाल सञ्चालनमा रहेको एकसय शैयालाई विस्तार गरी तीन सय शैया स्तरोन्नति गरिने भएको हो ।

यसका लागि बिहीबार दुईसय शैयाको भवन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिलान्यास गर्ने जनाइएको छ । अस्पतालको २५औं वार्षिकोत्सवको अवसरमा थप दुईसय शैयया भवन शिलान्यास तथा शैक्षिक कार्यक्रमको शुभारम्भ प्रधानमन्त्री प्रचण्डले गर्ने अस्पतालका अध्यक्ष तथा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उनले हाल एक सय शैयाको क्षमतामा सञ्चालित अस्पतालमा बिरामीको चाप र आवश्यकतालाई मध्यनजर गरी तीन सय शैयाको अस्पतालमा स्तरोन्नति गर्नका लागि गत जेठमा छ सदस्यीय टोलीले जापान भ्रमण गरेकामा अस्पताल भवन निर्माणको वातावरण बनेको बताए । अस्पतालमा आमा सुरक्षा कार्यक्रम यसै वर्षदेखि सञ्चालन हुने गरी नगरपालिकाबाट बजेट विनियोजित भएको नगरप्रमुख पाण्डेयले जानकारी दिए । अस्पतालले आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत यसै शैक्षिक सत्रदेखि प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा (एचए) र डिप्लोमा इन फार्मेसी गरी तीन वटा विषयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न लागेको अस्पतालका मेसु राजेन्द्रप्रसाद बस्यालले बताए । ***-रासस***

# पढाउन छाडेर कृषिकर्म....

....उनले गएको वर्ष ५० क्वन्टिल सुन्तला बिक्री गरेर तीन लाख, तीन सय किलो कफी उत्पादन गरेर ३५ हजार र ९० लिटर मह उत्पादन गरेर एक लाख ५० हजार आम्दानी गरेको बताए । चार लाख लगानीबाट सुरु भएको हुमनाथको लगानी बढेर अहिले २५ लाख पुगेको छ । 'सडकको अभावमा पहिले-पहिले दुई घण्टा लगाएर डोकोमा तरकारी बेच्न त्रियासी पुग्नुपर्ने बाध्यता थियो', उनले भने, 'अहिले सडक बनेपछि उत्पादित सामान बजार पुऱ्याउन सहज भएको छ । हुमनाथले आफूले गरेको व्यवसायबाट सन्तुष्ट रहेको बताए । 'गुणस्तरीय सामान उत्पादन गर्नेलाई बजारको कुनै समस्या छैन, उत्पादन गर्न सके बजारमा गाउँको अर्गानिक तरकारी भनेपछि खोसाखोस हुन्छ', उनले थपे, 'नाफाघाटा नहेरी बाह्रै महिना तरकारी फलाउने योजनासहित लाग्न सकेमा व्यवसाय टिकाउन सकिन्छ, विस्तारै उत्पादित सामग्रीको पनि उचित मूल्य पाउन सकिन्छ ।' उनले बाली विज्ञान पढिरहेका विद्यार्थी आफ्नो फार्ममा बसेर अध्ययन अवलोकन गर्ने गरेको जिकिर गरे । 'स्याङ्जासहित बाहिरी जिल्लाका विभिन्न कृषकसहित व्यक्ति मेरो फार्म हेर्न आउनुहुन्छ, मलाई हौसला दिएर जानुहुन्छ', उनले खुसी व्यक्त गरे, 'यसरी मानिस मेरो कर्म हेर्न आउँदा मलाई आत्मसम्मान र आत्मगौरव मिलिरहेको छ ।' उनले आफूलाई कृषि ज्ञान केन्द्र स्याङ्जाले तरकारी खेती गर्ने जिल्लाकै उत्कृष्ट कृषकका रूपमा पुरस्कारका लागि गण्डकी प्रदेश सरकारमा सिफारिस गरेको जानकारी दिए । उनले कषि ज्ञान केन्द्रबाट हालसम्म १५ लाख बराबरको अनुदानसमेत पाएका छन् । छोरा सन्तोषले भारतीय तरकारीले ठूलो 'भोल्युम'मा तरकारी खेती गर्ने नेपाली किसान मारमा परेको दाबी गरे । 'हामीले स्थानीय बजारलाई लक्षीत गरेर ठूलो 'भोल्युम'मा तरकारी उत्पादन गरेका हुन्छौं, उत्पादन लागत बढी पर्ने हुँदा हाम्रो तरकारी थोरै महँगो हुन्छ', हुमनाथले भने, 'हाम्रो तरकारी बजारमा पुग्दा ठीक त्यही समय भारतीय तरकारी सस्तोमा बजारमा आउँछ, अनि नेपाली किसानले प्रतिस्पर्धा गर्न सक्दैनौं । सन्तोषले सिँचाइका लागि पानी प्रशस्त नभएको गुनासो गरे ।

हरेक किसानलाई उद्यमीका रूपमा विकास गर्न सरकारसँग उनको माग छ । उद्यमी किसानलाई उद्योगसँग जोड्न सकेमा मात्र कृषि व्यवसाय दिगो हुने सन्तोषको विश्वास छ । किसानलाई उत्पादन किलोका आधारमा अनुदान दिन सकेमा वास्तविक किसान मारमा नपर्ने उनको तर्क छ । हुमनाथलाई श्रीमती सीता, छोरा सन्तोष, ख्यामराज र सुमन, बुहारी संगीताले काममा सघाइरहेका छन् । ***-रासस***

## खेलकुद समाचार

# पाकिस्तानको बंगलादेश माथि ७ विकेटको जित



**काठमाडौं,** कार्तिक १५/विश्वकप क्रिकेटमा पाकिस्तानले बंगलादेश माथि ७ विकेटको जित हात पारेको छ । लगातार छैटौं हारसँगै बंगलादेश सेमिफाइनलको दौडबाट बाहिरिएको छ ।

मंगलबार भारतको इडेन गार्डनमा बंगलादेशले दिएको २०५ रनको लक्ष्य पाकिस्तानले मात्र ३२.३ ओभरमा ३ विकेट गुमाएर भेट्टायो । उसको सुरुवात नै राम्रो रह्यो । अब्दुल्लाह शफिक र फखर जमानले पहिलो विकेटका लागि १२८ रनको साझेदारी गरे । शफिक ६८ रन र जमान ८१ रनमा आउट भए । तेस्रो विकेटका लागि जमान आउट हुँदा पाकिस्तानको स्कोर १६९ रन थियो । मोहम्मद रिजवान र इफ्तिखार अहमदले अविजित ३६ रनको साझेदारी गर्दै जित दिलाए । रजवान २६ र अहमद १७ रनमा अविजित रहे । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बंगलादेशले ४५.१ ओभरमा सबै विकेट गुमाएर २०४ रन बनाएको थियो । उसका लागि महमुदुल्लाहले सर्वाधिक ५६ रन जोडे भने लिटन दासले ४५ र सकिब अल हसनले ४३ रन जोडे । बंगलादेशको सुरुवात नै राम्रो हुन सकेन । २३ रन जोड्दा ३ विकेट गुमाएको बंगलादेशका लागि लिटन दास र महमुदुल्लाहले ७९ रनको महत्वपूर्ण साझेदारी गरे । सातौं विकेटका लागि सकिब अल हसनले मेहदी हसन मेराजसँग ४५ रनको साझेदारी गरेपछि बंगलादेशको स्कोर २०० नजिक पुगेको थियो । बंगलादेशलाई सस्तैमा समेट्ने क्रममा शाहिन शाह अफ्रिदी र मोहम्मद वासिमले समान ३-३ विकेट लिए भने हरिस रउफले २ तथा इतिखार अहमद र उस्मान मीरले १/१ विकेट आफ्नो नाममा लेखाएका छन् । जितसँगै ७ खेलबाट ६ अंक जोडेको पाकिस्तान अंकतालिकाको पाँचौं स्थानमा उक्लिएको छ र विश्वकपमा पुग्ने सेमिफाइनलको आश कायमै राखेको छ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा गिरावट



**पाल्पा,** कार्तिक १५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको ओरालो यात्रा बुधबार पनि कायमै देखिएको छ । मंगलबार दोहोरो अंकले घटेको नेप्से परिसूचक बुधबार पाँच दशमलव ८३ अंकले गिरावट आएको हो ।

कारोबारपछि नेप्से परिसूचक एक हजार आठ सय ५८ दशमलव ५६ को बिन्दुमा कायम भएको छ । दुई सय ९६ कम्पनीको ३३ लाख ६४ हजार ५६ कित्ता शेयर ७७ हजार आठ सय ७० पटक खरिदबिक्री हुँदा ८१ करोड २० लाख ८९ हजार दुई सय ९१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । अघिल्लो कारोबार दिन मंगलबार ५७ करोड १४ लाख ८३ हजार रुपैयाँको सेयर किनबेच भएको थियो । बुधबार ७७ हजार ८ सय ७० कारोबारमार्फत २ सय ९६ स्क्रिप्टका ३३ लाख ६४ हजार ५६ इकाइ सेयर किनबेच भए । तीमध्ये सबैभन्दा बढी सोनापुर मिनिरल्स एन्ड आयलको १४ करोड ६० लाख २ हजार रुपैयाँ बराबरको सेयर खरिदबिक्री भए । कारोबार रकमका आधारमा आशा लघुवित्त दोस्रोमा रह्यो । हाथवे इन्भेस्टमेन्ट, सिटिजन लाइफ र हिमालयन डिस्टिलरी पनि सर्वाधिक कारोबार हुने कम्पनीको सूचीमा रहे । नेप्से घट्दा बजार पुँजीकरण २८ खर्ब ६२ अर्ब ९९ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो कारोबार दिनको तुलनामा लगानीकर्ताको कूल सम्पत्ति ९ अर्ब रुपैयाँले घटेको हो । नेप्से घटेको दिन सेन्सेटिभ इन्डेक्स ०.८३ अंकले घटेर ३५९.९५ बिन्दुमा झरेको हो । कारोबारमा आएका १ सय ६२ कम्पनीको मूल्य घट्दा सेयर बजारमा गिरावट आएको हो ।

बुधबार ६८ कम्पनीको सेयर मूल्य बढ्दा ८ वटाको भने स्थिर रह्यो । नेप्से घटेको दिन सयपत्री हाइड्रोको सेयर मूल्य सर्वाधिक ९.३९ प्रतिशतले बढेको छ । हिमालयन लघुवित्तको सेयरधनीले दोस्रो धेरै कमाउँदा रावा इनर्जी, मेगा म्युचुअल फन्ड १ र घलेम्दी हाइड्रोको सेयर धनी पनि सर्वाधिक कमाउनेमा परे । यता सोनापुर मिनिरल्सको सेयर मूल्यमा चौथो दिन पनि भारी गिरावट आएको छ । ३ दिनसम्म नेगेटिभ सर्किट लागेको कम्पनीको सेयर मूल्य चौथो दिन ८ प्रतिशतले घटेको हो । बुधबारको कारोबार समाप्तिसम्म सोनापुरको सेयर मूल्य घटेर २ सय ३४ रुपैयाँ ८० पैसा कायम भएको छ । कम्पनीको सेयर कारोबार आइतबार प्रतिकित्ता ३ सय ५० रुपैयाँमा खुलेको थियो । दोस्रो धेरै सिद्धार्थ इक्विटी फन्डका इकाइधनीले गुमाउँदा सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ फन्ड २ को इकाइ तथा सीवाईसी लघुवित्त र स्वेतगंगा हाइड्रोको सेयर मूल्य सर्वाधिक घट्नेको शीर्ष ५ मा परे ।

# हार्दिक समवेदना

जन्म
वि.सं. १९८४/०६/२२



स्वर्गारोहण
वि.सं. २०८०/०७/१२

**स्व.राधा भारती**

लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.की संस्थापक शेयरसदस्य, पूर्व कार्य समिति सदस्य एवं पाल्पाली समाजसेवी **राधा भारती**को ९६ वर्षको उमेरमा यही कार्तिक १२ गते भएको निधनको खबरले यस संस्था परिवार अत्यन्त मर्माहित एवं स्तब्ध भएको छ । यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने क्षमता प्रदान होस् भनी **हार्दिक समवेदना** साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।

हरि रायमाझी
अध्यक्ष
एवं
लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
तानसेन-४, मखनटोल, पाल्पा (दरबार गेट अगाडि)


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई